# कोरोना संक्रमित बिरामीहरुलाई प्रदान गरिने

# उपचार तथा राहत सहयोग सम्बन्धि निर्देशिका, २०७८

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

# ललितपुर महानगरपालिका

# ललितपुर

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

# कोरोना संक्रमित बिरामीहरुलाई प्रदान गरिने
# उपचार तथा राहत सहयोग सम्बन्धि निर्देशिका, २०७८

## प्रस्तावना

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणबाट ललितपुर महानगरपालिका समेत अत्यन्त प्रभावित भइरहेको र यस संक्रमणवाट नगरवासीहरुको मृत्यु समेत भइरहेको अवश्था छ । यस महामारीवाट प्रभावित व्यक्तिहरुको उपचार तथा राहतका लागि तत्काल नीतिगत प्रबन्ध गर्नुपर्ने भएकोले ललितपुर महानगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २८ बमोजिम महानगरीय विपद् व्यवस्थापन समितिवाट पारीत गरी यो निर्देशिका जारी गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस निर्देशिकाको नाम **कोरोना संक्रमित बिरामीहरुलाई प्रदान गरिने उपचार तथा राहत सहयोग सम्बन्धि निर्देशिका, २०७८** रहेको छ ।

(ख) यो निर्देशिका महानगरीय विपद व्यवस्थापन समितिवाट स्वीकृत भएको मितिवाट लागू हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) ऐन भन्नाले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ख) समिति भन्नाले महानगरीय विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ग) कोष भन्नाले महानगरपालिकामा स्थापना भएको कोभिड कोषलाई सम्झनु पर्छ ।

(घ) आर्थिक सहयोग भन्नाले महानगरपालिकाले यस निर्देशिका बमोजिम कोरोना संक्रमित व्यक्तिहरुलाई प्रदान गर्ने रकमलाई सम्झनु पर्छ ।

(ङ) संक्रमित व्यक्ति भन्नाले कोभिड १९ को दोस्रो लहर (२०७८ बैशाख २ गते) वाट कोरोना भाइरस पोजेटिभ प्रमाणीत भएका व्यक्तिलाई सम्झनु पर्छ ।

(च) "उप-समिति " भन्नाले उप-दफा ३.५ बमोजिम गठित कोभिड उपचार आर्थिक सहयोग उप-समिति लाई सम्झनु पर्छ ।

(छ) स्थानीय नागरिक भन्नाले ललितपुर महानगरपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकलाई सम्झनु पर्छ ।

३. **लक्षित व्यक्ति : यस निर्देशिकाको प्रयोजनका लागि निम्नलिखित व्यक्तिहरु आर्थिक सहयोग प्राप्त गर्न योग्य हुनेछन ।**

क) कोरोना संकमित भई संकमणका कारण मृत्यु हुने महानगरपालिकाका स्थानीय नागरिक ।

ख) **संकमित भई** अस्पतालको आई.सि.यू. वा भेन्टिलेटरमा उपचार गराएका स्थानीय नागरिक ।

ग) **कोरोना संकमण भई अस्पताल वा स्वास्थ्य संस्थामा सामान्य उपचार गराई संकमण मुक्त हुने स्थानीय नागरीक ।**

घ) **कोरोना संकमण भई अस्पताल वा स्वास्थ्य संस्थामा उपचार गराउने तथा संकमणवाट मृत्यु हुने ललितपुर महानगरपालिकामा कार्यरत कर्मचारी ।**

४. उपचार तथा राहत सहयोग :

कोरोना संकमणवाट प्रभावित यस निर्देशिकाको दफा ३ बमोजिमका लक्षित व्यक्तिहरुलाई तपसिल बमोजिमको उपचार तथा राहत सहयोग प्रदान गरिनेछ ।

१, कोरोना संकमणवाट मृत्यु हुने व्यक्तिको हकमा जनही एक लाख रुपैंया ।

२. कोरोना संकमण भई अस्पताल तथा स्वास्थ्य संस्थाको आई.सि.यू. वा भेण्टिलेटरमा उपचार गराएको व्यक्तिलाई पचास हजार रुपैंया ।

३. कोरोना संकमण भई अस्पताल वा स्वास्थ्य संस्थामा सामान्य उपचार गराई संकमणमुक्त हुने व्यक्तिको हकमा जनही अधिकतम पच्चीस हजार वा अस्पतालमा उपचार गराउँदा तिरेको वीलभरपाईको रकम मध्ये जुन कम हुन्छ सो रकम ।

५. उपचार तथा राहत सहयोग वितरण प्रकिया :

१, यस निर्देशिका बमोजिम उपचार तथा राहत सहयोग लिन चाहने व्यक्तिले अनुसूची १ बमोजिमको ढांचामा तपसिल बमोजिमका कागजातहरु संलग्न गरी उपसमिति समक्ष निवेदन दिनु पर्नेछ ।

क) संकमित व्यक्तिको पहिचान खुल्ने प्रमाण कागजात ।

ख) कोभिड संकमित प्रमाण ।

ग) अस्पताल भर्ना तथा डिस्चार्ज भएको मिति सहितको कागजातहरु ।

घ) मृतकको हकमा, मृत्युप्रमाणपत्र ।

ङ) मृतकसंगको नाता सम्बन्ध खुल्ने कागजात र निवेदकको परिचय पत्र ।

च) सम्बन्धित वडा कार्यालयको राहत सहयोगका लागि स्पष्ट किटानी सहितको सिफारीस पत्र ।

छ) कोरोना संक्रमणका कारण होम आइसोलेसन वा अन्यत्र मृत्यु हुनेको हकमा वडा कार्यालयको सिफारीस तथा शव व्यवस्थापन गरिएको पुष्ट्याई सहितको कागजात ।

ज) मृतकवाहेक अन्य लक्षित व्यक्तिको हकमा अनुसूची २ बमोजिमको स्वयंघोषणा पत्र ।

२, यस निर्देशिका बमोजिम उपचार तथा राहत सहयोगका लागि निवेदन पेश गर्ने लक्षित व्यक्तिले यो निर्देशिका लागू हुनु पूर्वका लक्षित व्यक्तिको हकमा निर्देशिका लागू भएको मितिले ३५ दिन भित्र र निर्देशिका लागू भए पश्चातका लक्षित व्यक्तिले मृत्यु भएको वा डिस्चार्ज भएको मितिले ३५ दिन भित्र उप-समिति समक्ष निवेदन दिनु पर्नेछ ।

३, उपदफा २ बमोजिम पेश भएका निवेदन उपर आवश्यक छानविन गरी १५ दिन भित्र निर्णय गरि सम्बन्धित व्यक्तिलाई जानकारी दिनु पर्नेछ ।

४. यस निर्देशिका बमोजिम प्रदान गरिने उपचार तथा राहत सहयोग वापतको रकम सम्बन्धित व्यक्तिलाइ भुक्तानी दिइनेछ । मृतकको हकमा नीजको एकाघरको श्रीमान श्रीमती , वा छुट्टीभिन्न नभएका छोराछोरी वा मृतकको जिवीत हुँदा पालन पोषण गर्ने व्यक्ति तथा उल्लेखित मापदण्ड बाहेकका व्यक्तिको हकमा सम्बन्धित वडा कार्यालयको किटानी सिफारिस भएका व्यक्तिलाई भुक्तानी दिइनेछ ।

६. उपचार तथा राहत सहयोग उप-समिति गठन र काम कर्तव्य अधिकार :

१, यस निर्देशिका बमोजिम उपचार तथा राहत सहयोग प्रदान गर्ने सम्बन्धमा आवश्यक सिफारीस तथा निर्णय गर्न देहाय बमोजिमको एक उपसमिति रहनेछ ।

(क) उपप्रमुख -संयोजक

(ख) विपद तथा वातावरण समितिको संयोजक -सदस्य

(ग.) महानगरपालिकाको प्रबक्ता -सदस्य

(घ) महानगरीय विपद व्यवस्थापन समितिको सदस्य सचिवले यस उप-समितिको सचिवको रुपमा समेत कामकाज गर्नेछ ।

२, **उप-समितिको काम कर्तव्य अधिकार** : उपदफा १ बमोजिमको उपसमितिले उपचार तथा राहत सहयोगका लागि पेश भएका निवेदन तथा कागजातहरु विश्लेषण गरी आवश्यक थप कागजात माग गर्नु पर्ने भएमा सो समेत गरी अनूसूची ३ बमोजिमको ढाँचामा राहत तथा उपचार सहयोग प्रदान गर्न

सिफारिस सहित स्वीकृतीका लागि नगरप्रमुख समक्ष पेश गर्नेछ ।

३. यस निर्देशिका बमोजिम उपचार तथा राहत सहयोग माग गरी निवेदन पेश गरेको कुनै व्यक्ति महानगरको स्थायी वासिन्दा भए/ नभएको विषयमा कुनै दुविदा वा विवाद उत्पन्न भएमा उप-समितिले निर्णय गरे बमोजिम हुनेछ ।

७. उपचार तथा राहत सहयोग रकमको भुक्तानी :

यस निर्देशिका बमोजिमका लक्षित व्यक्तिलाई प्रदान गरिने रकम महानगरपालिकाको कोभिड कोषमा विनियोजित बजेटवाट भुक्तानी गरिनेछ । यसरी भुक्तानी गराएको सहयोगको विवरण सहितको प्रतिवेदन नगरसभाको जानकारीका लागि नगरसभामा पेश गर्नु पर्नेछ ।

८. लेखा परिक्षण सम्बन्धि व्यवस्था : यस निर्देशिका बमोजिम भएको खर्च बिवरणको लेखा परिक्षण नियमानुसार हुनेछ ।

**९. सरकारी बाँकी सरह असुल उपर गरिने :** गलत विवरण पेश गरी राहत तथा उपचार सहयोग लिएको प्रमाणीत भएमा त्यस्तो रकम सरकारी बांकी सरह असुल उपर गरिनेछ ।

१०. अभिलेख तथा प्रतिवेदन :

(क) यस निर्देशिका बमोजिम प्रदान गरिने सहयोग रकमको छुट्टै अभिलेख राखिनेछ ।

(ख) अस्पतालमा उपचार गराएका र होम आइसोलेसनमा मृत्यु भएका विरामीहरुका लागि आर्थिक सहयोग उपलब्ध गराएको र नगराएको विवरण नियमित रुपमा राखि सोको प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र महानगरीय विपद् व्यवस्थापन समितिका संयोजक एवं प्रमुख समक्ष पेश गर्नु पर्नेछ । यसरी उपलब्ध गराएको सहयोगको विवरण सहितको प्रतिवेदन नगरसभामा जानकारी गराउनु पर्नेछ ।

११. समय अवधि : यस निर्देशिका बमोजिमको राहत तथा उपचार सहयोग सम्बन्धि व्यवस्था नेपाल सरकारले घोषणा गरेको दोस्रो लहरको शुरुवात मिति २०७८ साल बैशाख २ गते देखि लागु भई कोरोना महामारी पूर्णत नियन्त्रणमा नआएसम्मको लागि वा समितिले यस विषयमा निर्णय गरी स्थगित नभएसम्मका लागि कायम रहनेछ ।

समाप्त

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

दफा ५ को उपदफा १ संग सम्बन्धित

(अनुसूची १)

मिति : २०७८।  ।

श्रीमान संयोजकज्यू
उपचार तथा राहत सहयोग उप-समिति
ललितपुर महानगरपालिका,
पुल्चोक , ललितपुर ।

विषय : कोभिड संकमितका लागि उपचार तथा राहत सहयोग पाउं ।

उपरोक्त सम्बन्धमा म ललितपुर महानगरपालिका वडा नं ..........  .................... टोल निवासी ...................................................... ले मेरो एकाघरका ...................................... ले मिति २०७८।  ।  मा पि.सि.आर. /एन्टीजेन परिक्षण गर्दा पोजेटिभ रिपोर्ट आएको र  मिति २०७८।  । मा ........................ अस्पताल भर्ना भई उपचार गराएको र मिति २०७८।  । मा डिस्चार्ज भएकाले / मिति २०७८।  ।  मा मृत्यु भएकोले महानगरपालिकाको महानगरीय विपद व्यवस्थापन समितिको निर्णय अनुसारको कोभिड संकमित उपचार तथा राहत सहयोग वापतको रकम रु.................................(अक्षररुपी .....................................................) उपलब्ध गराई पाउं भनि आवश्यक कागजात यसैसाथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

निवेदक :

नाम थर :

ठेगाना :

दस्तखत :

फोन नम्बर :

संलग्न कागजातहरु :

१, विरामीको पहिचान खुल्ने प्रमाण ।

२, पिसिआर वा एन्टीजेनको कोरोना पोजेटिभ रिपोर्ट ।

३, अस्पताल भर्ना तथा डिस्चार्ज सहितको उपचार गरिएको विवरण ।

४, मृतकको हकमा संकमीत भई मृत्युको सिफारिस ।

५, सम्बन्धित वडाको आर्थिक सहयोगका लागि सिफारिस पत्र ।

६, पेश गरेको विवरण ठिक साँचो भएको स्वयं घोषणा ।

दफा ५ को उपदफा १ (ज) संग सम्बन्धित

(अनूसूची २)

श्रीमान संयोजकज्यू

उपचार तथा राहत सहयोग उप-समिति

ललितपुर महानगरपालिका,

पुल्चोक , ललितपुर ।

विषय : स्वयं घोषणा सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म ललितपुर महानगरपालिका वडा नं .......... .................... टोल निवासी ....................................................... ले मेरो एकाघरका ....................................... ले मिति २०७८।  ।  मा पि.सि.आर./एन्टीजेन परिक्षण गर्दा पोजेटिभ रिपोर्ट आएको र मिति २०७८।  । मा ........................ अस्पताल भर्ना भई उपचार गराएको र मिति २०७८।  ।  मा डिस्चार्ज भएकाले / मिति २०७८।  ।  मा मृत्यु भएकोले महानगरपालिकाको महानगरीय विपद व्यवस्थापन समितिको निर्णय अनुसारको कोभिड संकमित उपचार तथा राहत सहयोगका लागि पेश गरेको निवेदन सम्लग्न आवश्यक कागजातहरु सत्यसाँचो हो यदि कुनै वील भरपाई तथा कागजात झुठा ठहरेमा मैले महानगरपालिकावाट उपचार तथा राहत सहयोग वापत लिएको रकम कानून बमोजिम सरकारी बांकी सरह मानेर फिर्ता गर्नेछु । इति सम्बत २०७८ ।  ।  गते  वार शुभम् ।

निवेदक :

स्वयं घोषणा कर्ताको नाम थर :

ठेगाना :

दस्तखत :

फोन नम्बर :

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

दफा ६ को उपदफा २ संग सम्बन्धित

(अनूसूची ३)

## कोभिड संक्रमितको उपचार तथा राहत सहयोगका लागि प्राप्त निवेदन तथा विवरण उपरको कारवाही

### प्राप्त कागजातहरुको विवरण तथा विश्लेषण पछिको अवस्था :

१, विरामीको पहिचान खुल्ने प्रमाण :

२, पिसिआर वा एन्टीजेनको कोरोना पोजेटिभ रिपोर्ट : मिति २०७८। । को ..............ल्याबको कोरोना पोजेटिभ रिपोर्ट

३, अस्पताल भर्ना तथा डिस्चार्ज सहितको उपचार गरिएको विवरण : मिति २०७८। । । ................अस्पतालमा भर्ना भई उपचार पश्चात मिति २०७८। । मा डिस्चार्ज

४, मृतकको हकमा प्राप्त सिफारिस :

५, सम्बन्धित वडाको आर्थिक सहयोगका लागि सिफारिस :

६, पेश गरेको विवरण ठिक साँचो भएको स्वयं घोषणा :

श्रीमान नगरप्रमुखज्यू, प्रस्तुत निवेदन साथ संलग्न कागजातहरु छानविन एवं विष्लेषण गर्दा व्यहोरा मनासिव र एथार्थपरक देखिएकोले उपचार तथा राहत सहयोग वापत रु.............................उपलब्ध गराउन सिफारिस गर्दछु ।

.....................

गिता सत्याल

उप-प्रमुख एवं संयोजक

उपचार तथा राहत सहयोग उप-समिति

ललितपुर महानगरपालिका ।

**पेश भए बमोजिम उपचार तथा राहत सहयोग रकम उपलब्ध गराउने गरी स्वीकृत ।**

.........................

चिरीबाबु महर्जन

नगर प्रमुख एवं संयोजक महानगरीय विपद व्यवस्थापन समिति ।